# पाठ १ः टिसीटी भनेको के हाे?

**मुख्य विचारः** मण्डलीलाई परमेश्वरले उहाँको महिमा गर्नको निमित्त, सुसमाचार प्रचार गर्नको निमित्त, चेलाहरु बनाउनको निमित्त र गरीब असहायहरुलाई सहायता गर्नको निमित्त बोलाउनु भएको हो । टिसीटी कार्यक्रमले मण्डलीलाई यो मिसन पुरा गर्न सहायता गर्दछ र यसको लक्ष्य मण्डलीको लक्ष्यसँग मिल्नुपर्दछ । टिसीटीको पहिलो लक्ष्य चाहिं परमेश्वरलाई महिमा दिनु हो । ’

**परिचय**

---

टिसीटी कार्यक्रमको पहिलो तालिममा यहाँहरुलाई स्वागत छ । आज हामी यो कार्यक्रमको बारेमा केही बुझ्ने कुराबाट शुरु गर्छौं, र त्यसपछि तपाईंको मण्डलीलाई सिकाउने मोड्युलको बारेमा केही कुराहरु सिक्नेछौं । आउनुहोस् हामी पहिला मण्डलीको उद्देश्यको बारेमा हेरौं ।

**साना समूहमा छलफल**
***सहजकर्तालाई निर्देशनः*** *सानो सानो समूहमा तपाईंको मण्डलीले गर्ने सम्पूर्ण क्रियाकलापहरु सुचीवद्ध गर्नुहोस् ।*

**रिपोर्ट प्रस्तुत गर्नुहोस्**ः- *जसै समूहले रिपोर्ट दिनुहुनेछ, सकेसम्म उहाँहरुको उत्तरलाई बोर्डमा लेख्नुहोस् । हामी यसको बारेमा अहिले पछि आउनेछौं ।*
तपाईंको मण्डलीले गरेका असल कुराहरु बाँड्नु भएको लागि यहाँहरु सबैलाई धन्यवाद । आउनुहोस् अब हामी बाईबलबाट हेर्नेछों कि हामी मण्डलीलाई के के निर्देशनहरु दिनुभएको छ । .

**टिसीटीले मण्डलीलाई उसको मिसन पुरा गर्न सहायता गर्ने काम गर्दछ ।**

---

**ठूला समूहमा छलफल**
यी अध्यायहरुमा परमेश्वरका जनहरुले के गर्नुपर्ने बताउँदछ ?
१ ईतिहास १६ः२९
- परमेश्वरका जनहरुले के गरेका छन् ? (परमेश्वरको आराधना गरेका छन् र उहाँको महिमा गरेका छन् ।)

मत्ती २८ः१९–२०
- परमेश्वरका जनहरुले के गर्नु भनी आज्ञा गरिएको छ ? (सुसमाचार सुनाउनु, वप्तिस्मा दिनु, चेलाहरु बनाउनु र उहाँले गरेका सबै आज्ञाहरु पालना गर्न सिकाउनु )

याकूव १ः२७
- परमेश्वरका जनहरुले के गर्नुपर्ने रहेछ ? (विधुवा र टुहुरा, टुहुरीहरुको हेरचाह गर्नु, असहाय, जोखिममा परेका मानिसहरुलाई सहायता गर्नु, साँचो शुद्धता कायम राख्नु)

यशैया ५८ः११–१२ पढ्नुहोस् ।
यी मानिसहरु अति नै धर्मी थिए । पद २ र ३ ले भन्छ, उनीहरु दिनदिनै परमेश्वरलाई खोजी गर्दथे, उहाँको तरिकाहरु जान्न ईच्छा गर्दथे, र प्रार्थना गर्दथे र उपवास बस्दथे ।

- परमेश्वर किन उनीहरुसँग रिसाउनुभयो ? *(उनीहरुलाई जे मन पर्थ्यो, त्यही गर्दथे, उनीहरु आफ्ना कामदारहरुलाई शोषण गर्न छोड्दैनथे, उनीहरु एक आपसमा झगडा गर्न छोड्दैनथे ।)*
- उनीहरुको धार्मिक क्रियाकलापहरु भन्दा बढी परमेश्वर उनीहरुले के गरेको चाहनुहन्थ्यो ? *(जोहरु अन्यायमा थिए, उनीहरुको लागि न्याय गरेको चाहनुहुन्थ्यो, भोकाहरुसँग भोजन बाँडेको चाहनुहुन्थ्यो, परदेशीहरुलाई बास बस्न दिएको चाहनुहुन्थ्यो, नाङ्गाहरुलाई वस्त्र पहिराइदिएको चाहनुहुन्थ्यो र आफ्ना नातेदारहरुलाई वास्ता गरेको चाहनुहुन्थ्यो । )*
- यदि उहाँका मानिसहरुले यस्तो खालको प्रतिक्रिया देखाएको भए परमेश्वरले के गर्नुहुन्थ्यो ? *(उनीहरुलाई, चंगाई, सुरक्षा, उनीहरु भन्दा अगाडि जाने, उनीहरुको सुरक्षा बन्ने, उनीहरुको प्रार्थना सुन्ने, अँध्यारोलाई उज्यालोमा परिणत गरिदिने, उनीहरुलाई अगुवाई गर्ने, उनीहरुको आवश्यकताहरु पुरा गरिदिने, उनीहरुलाई बलियो तुल्याउने प्रतिज्ञा गर्नुहुन्थ्यो ।)*

- यी अध्यायहरुका प्रतिज्ञाहरु पढिसके पश्चात् मण्डलीको मिसनलाई कसरी व्याख्या गर्नुहुन्छ ?
    - *परमेश्वरको आराधना गर्नु र उहाँको महिमा गर्नु )*
    - *सुसमाचार सुनाउनु र मानिसहरुलाई ख्रीष्टमा ल्याउनु ।*
    - *चेला बनाउनु – मानिसहरुलाई आज्ञाकारी जीवन जिउन सहायता गर्नु, येशूले भनेका सबै आज्ञाहरु पालना गर्न सिकाउनु । )*
    - *गरीव र असहायहरुलाई वास्ता गर्नु ।*

यशैयामा हामीलाई यही कुराको सम्झना गराउँछ कि यी सबै कुराहरु अति महत्वपूर्ण छन् । यदि हामीले यी कुराहरु गरेमा परमेश्वरले बडो शक्तिशाली प्रतिज्ञाहरु मण्डलीलाई गर्नु भएको छ । तपाईंले शुरुमा छलफल गर्नुभएको मण्डलीको क्रियाकलापहरुको सुचीलाई हेर्नुहोस् । तपाईंका यी हरेक क्रियाकलापहरु यी चार समूहमा मिल्न सक्छ, विचार गर्नुहोस् ।

**ठूला समूहमा छलफल**

***सहजकर्तालाई निर्देशन:*** *:यदि उहाँले प्रस्तुत गर्नुभएको क्रियाकलापहरु बोर्डमा लेख्नुभएको छ भने, अत्र यी कुराहरु लेख्नुहोस् ।*

*१. परमेश्वरको आराधना गर्नु र उहाँको महिमा गर्नु )*
*२. सुसमाचार सुनाउनु र मानिसहरुलाई ख्रीष्टमा ल्याउनु ।*
*३. चेला बनाउनु*
*४. गरीव र असहायहरुलाई वास्ता गर्नु ।*

*समूहलाई उनीहरुको मण्डलीको क्रियाकलापलाई यी १, २, ३ र ४ नं. गरी चिनो लगाउन भन्नुहोस् । जब उहाँहरुले गरि सक्नुहुन्छ, तब सोध्नुहोस्:*

- कुन चाहि नम्बर प्राय: सबैको आएको थियो ?
- कुनै खासै महत्व नभएको नम्बर कुनै थियो ?
- के मण्डलीहरु बढिरहेको, परिपक्व भएको र समुदायहरु रुपान्तरण भएको देखिरहेका छौं त ?

एउटा पास्टरको रुपमा,तपाईंले आफ्नो मण्डलीलाई यी कुराहरु गर्न सहायता गर्नुपर्दछ । केही मण्डलीहरुले यी कुराहरु राम्रो गरिरहेका छन् । टिसीटी कार्यक्रमले मण्डलीलाई यी चार कुराहरु गर्न मद्दत गर्दछ । यो चाहिं मण्डलीको मिसन पुरा गर्न सहायता गर्ने हिसावले तयार गरिएको हो । .

## टिसीटीको लक्ष्यहरु

---

### ठूला समूहमा छलफल

***सहजकर्तालाई निर्देशन:*** *: यदि समय भएमा,कक्षालाई टेबुल तान्ने खेलमा लानुहोस् । जति धेरै सकिन्छ, धेरै भन्दा धेरै सहभागी गराउनुहोस् । एउटा टेबुलको दायाँ र वायाँमा उभिन लगाउनुहोस्, र आफ्नो साईडमा आफ्नो समूहसँग मिलेर लानको लागि बल गर्न भन्नुहोस् । दोश्रो पटक सबैलाई एक लक्ष्य दिनुहोस्, र सो अनुसार गर्न भन्नुहोस् । त्यसपछि सोध्नुहोस्:*

- कुन पटक टेबुल तान्न सजिलो भयो ? किन दोश्रो पटक सजिलो भयो ?
- पहिलो पटक कस्तो अनुभव गर्नुभयो ? किन ?

हामी सबै जना एउटा लक्ष्यमा सहमत हुनु कति महन्वपूर्ण छ, ताकि हामीहरु एउटै लक्ष्यमा पुग्न एक भयौं । यही कुरा टिसीटीमा पनि लागु हुन्छ । यदि हामीले हाम्रो लक्ष्य जानेनौं भने वा हामीसँग उही लक्ष्य भएन भने हामी सफल हुन सक्दैनौं ।

टिसीटी कार्यक्रमका तीन लक्ष्यहरु छन्:

- परमेश्वरलाई महिमा दिने ।
- मण्डलीलाई बलियो तुल्याउने ।
- मानिसहरुलाई गरीवीबाट बाहिर ल्याउने ।

के यी कुराहरु तपाईं आफ्नो मण्डली वा समुदायमा पनि भएको देख्न चाहनुहुन्छ ? यदि छैन भने हामी गलत दिशातिर गइरहेका हुन्छौं । यदि हामी एउटै यात्रामा जान चाहन्छौं भने, हामी कहाँ गइरहेका छौ भनी एउटै लक्ष्यमा सहमत हुन आवश्यक छ, अनि हामीमा वादविवाद, दोधार वा झगडा हुने छैन ।

आउनुहोस् हामी कार्यक्रमको पहिलो लक्ष्यको बारेमा हेरौं ।

### परमेश्वरलाई महिमा दिने ।

---

- परमेश्वरलाई महिमा दिने भन्नाले के बुझ्नुहुन्छ ?

### साना समूहमा छलफल

यशैया ४१:१७–२० पढ्नुहोस् ।

- परिवर्तन कस्ले ल्याउनुहुन्छ ?
- उहाँले किन यसो गर्नुहुन्छ ?

### ठूला समूहमा छलफल

जुन ठाउँमा आवश्यकताका मानिसहरु छन्, त्यस ठाउँमा चंगाई ल्याउने परमेश्वर हुनुहुन्छ । उहाँ हामीद्धारा काम गर्न चाहनुहुन्छ । हामीले उहाँसँग साझेदार गरेको परमेश्वर चाहनुहुन्छ । तर काम चाहिं उहाँले नै गर्नुहुन्छ । हामी सबैले त्यो परिवर्तन देखेमा कस्तो परिणाम हुन्छ होला त ? यो होइन कि हामीले मण्डलीमा केही योगदान गर्‍यौ, समुदायले

गर्‍यो वा अगुवाले गर्‍यो । होइन, यसको श्रेय परमेश्वरलाई जान्छ । हामी मानिसहरुले यो भनेको देख्न र सुन्न चाहन्छौं, ख्रीष्टीयनहरुको परमेश्वर महान र शक्तिशाली हुनुहुन्छ, उहाँ महान हुनुहुन्छ ।

***सहजकर्तालाई निर्देशन:*** *: यो एउटा कथा भन्न छान्नुहोस् ।*

**कथा – बोकिनाफासोमा प्रेमद्धारा सतावटमाथि विजयी भएको ।**

बोकिनाफासोको एक सोवौ भन्ने गाउँमा उनीहरु प्रकृतिपुजक थिए र त्यो गाउँलाई चाहिं केही अन्धविश्वासमा लागेका अगुवाहरुले नियन्त्रण गरेका थिए । यदि कोही यी अगुवाहरुको विरुद्धमा गएमा उनीहरुले सबै मानिसहरुको अगाडि नै श्राप दिने गर्दथे । र कतिजना चाहिं यस कारणले विरामी पनि भएर विना कारण मरेका थिए । ती अगुवाहरु त्यहाँ भएका सानो ५ जना जति भएको मण्डलीको सधैं नै विरोध गर्दथे र उनीहरु गाउँका सबै मानिसहरुलाई यी ख्रीष्टीयनहरुको विरोध गर्नुपर्छ भन्दथे । उनीहरुको चाहना के थियो भने यो चरम सतावटले उनीहरु प्रतिकारमा उत्रन बाध्य हुन्छन्, –त्यसपछि हामी कानूनी रुपमा मण्डली बन्द गर्न सक्नेछौं । .

२०१६ मा टिसीटी शुरु गरिसकेपछि सोवौंको मण्डलीले शौचालय खन्ने, आवश्यकतामा परेका मानिसहरुलाई सहायता गर्ने गर्नुहुन्थ्यो । यस्ता खालका प्रेमका कामहरुले कहिलेकाहीं सतावट तर्फ जान सक्छन् । यी अगुवाहरु के विश्वास गर्थे भने उनीहरुमा पुर्खाहरु रिसाएको कारणले दण्ड स्वरुप यी सव विमारहरु भएका हुन् । यसको निमित्त उनीहरुले विशेष खालको वलिदानहरु ढाउनु पर्दथ्यो र विशेष खालका पहिरनहरु लगाउनु पर्दथ्यो । उनीहरु मण्डलीले समुदायको स्वास्थ्य र सफाईमा सुधार ल्याएको देख्न चाहन्नथे किनकि यसले उनीहरुको व्यवसाय धरापमा पर्थ्यो । तर विस्तारै मानिसहरुले यी धामी झाक्रीहरुले हामीलाई झुटमा पारिरहेका रहेछन् भनी परमेश्वरको ज्योतिले गर्दा बुझ्न थाले । .

त्यसपछि मुख्य अगुवाको श्रीमती एक पटक साह्रै विरामी परिन् । मण्डलीका मानिसहरु उनको विमारमो चंगाईको निम्ति प्रार्थना गर्न उसको घरमा गएर के हामी प्रार्थना गरिदिन सक्छौं भनी अनुमति मागे । पहिला त उनले इन्कार गरे तर विस्तारै उनको श्रीमती विरामी भइरहेको कारणले पछि राजी भए । उनीहरुले उनलाई अस्पतालमा लगे, उपचारको लागि चाहिने रुपैयाँ तिरिदिए, र उनी निको नहुन्जेल सम्म रेखदेख गरिरहे । मण्डलीले उनीको श्रीमतीलाई यस प्रकारले वास्ता गरेको देखेर उनले पश्चाताप गरे । पछि उनी र उनकार सम्पूर्ण परिवारले प्रभुलाई विश्वास गरे र मण्डलीमा संगतीमा आउन थाले । अरु धेरै जना मानिसहरु जो डरमा थिए, उनीहरु पनि मण्डलीको प्रेम देखेर प्रभुलाई विश्वास गर्न थाले । अहिले २०१९ मा आइपुग्दा यो मण्डली बढेर ३०० को सदस्यहरु भेला भएर आराधना गर्न थालेका छन् ।

**कथा– भारतमा मण्डलीको ख्याति, प्रभाव नै परिवर्तन भएको छ ।**

भारत बहुसंख्यक हिन्दु भएको देश हो । ख्रीष्टीयनहरु अल्पसंख्यकको रुपमा छन् र उनीहरुलाई कहिलेकाहीं शंकाको दृष्टिले हेर्ने गरिन्छ । यो कथा जुन समुदायबाट लिएको हो, त्यो समुदायमा ख्रीष्टीयनहरुलाई सतावट गर्ने गर्दथे र मण्डलीलाई धम्की दिने गर्दथे । यी सबैको बाबजुद पनि मोड्युल १ को तालिम लिए पश्चात मण्डलीले समुदायलाई कसरी परमेश्वरको प्रेम समुदायलाई देखाउन सकिन्छ भनी विचार गरे । त्यस समय ठूलो पानी परेको थियो जसले गर्दा वस्तीको नजिकै रहेको पोखरीको पानी बाहिर आयो र ३५ परिवारलाई उद्धार गर्नुपर्ने भयो । जब मण्डलीले थाहा पायो कि यी मानिसहरुलाई सहायताको खाँचो भयो, उनीहरुले सबै परिवारलाई मण्डलीमा ल्याएर राख्यो । तीन दिन सम्म मण्डलीले यी सबै परिवारलाई खाना ख्वाउने र वासको वन्दोवस्त गर्‍यो । यो कुरा त्यहाँको स्थानीय प्रतिनिधिलाई थाहा भयो र गाउँको मुखिया पनि मण्डलीमा आएर यो कार्यको निम्ति मण्डलीलाई धन्यवाद दियो । उसले यो पनि भन्यो कि यो स्थानीय मण्डलीको कारणले गर्दा आज तपाईंहरु बाँच्नुभयो । पछि स्थानीय सरकारले

जाडोको समयमा गरीव परिवारलाई कम्वल बाँडने कार्यक्रम राखेको थियो र यसको सम्पूर्ण जिम्मेवारी सोही मण्डलीको पास्टरलाई दिइयो ।

यसको परिणाम स्वरुप समुदायका कोही पनि मानिसले मण्डलीको विरुद्धमा बोल्न सकेनन् । अहिले मण्डली स्थानीय सरकारको नजरमा वडो विश्वासयोग्य भएको छ । यसको अलावा ती उद्धार पाएका परिवारहरु विस्तारै मण्डलीमा पनि आउन थालेका छन् । अहिले मण्डली पनि वृद्धि भएर गएको छ र अहिले उहाँहरुले सँगती गर्दे आउनुभएको मण्डली भवन साँघुरो हुन पुगेको छ । .

**ठूला समूहमा छलफल**

- यो कथामा परमेश्वर कसरी महिमित हुनुभयो ?
- के तपाईं पनि यही खालको काम आफ्नो समुदायमा भएको देख्न चाहनुहुन्छ ?

**निष्कर्ष**

---

याद गर्नुहोस् तपाईंको मण्डलीलाई यी चार प्रकारको मिसन दिनुभएको छ –परमेश्वरलाई महिमा, ईज्जत दिनु, सुसमाचार सुनाउनु, चेला बनाउनु र गरीव र असहायलाई सहायता गर्नु । तपाईंको मण्डलीले जहिले पनि यी चार प्रकारका मिसन पुरा गर्न लाग्नु पर्दछ । टिसीटी कार्यक्रमको उद्देश्य भनेका मण्डलीलाई यी मिसन पुरा गर्न सहायता गर्नु हो । कार्यक्रमको पहिलो लक्ष्य भनेको परमेश्वरलाई महिमा दिनु हो । हामी यही देख्न चाहन्छौं कि मानिसहरुले हाम्रो परमेश्वर कति महान हुनुहुन्छ, कति शक्तिशाली हुनुहुन्छ भनी देखुन् । आउँदो पाठमा हामी अरु दुई लक्ष्यहरु पनि हेर्नेछौं –मण्ढलीलाई बलियो तुल्याउनु र मानिसहरु गरीवीबाट बाहिर आउनु । .

# पाठ २: लक्ष्य र भुमिका

**मुख्य विचार:**

1. मण्डली जब टिसीटी लागु गर्न इमान्दार हुन्छन्, तब मण्डली बलियो हुन्छ, र मानिसहरु गरीवीबाट बाहिर आउँछन् ।
2. स्थानीय सहजकर्ता (LF) को चार वटा मुख्य काम हुन्छ । पहिलो काम भनेको आफ्नो मण्डलीलाई सिकाउनु हो । हरेकले सत्य जान्नु आवश्यक छ ।

**परिचय**

---

पहिलो पाठमा हामीले धर्मशास्त्रबाट हेरयौं र मण्डलीको चार वटा मिसनको बारेमा थाहा पायौं । यी चार वटा मिसनहरु के के थिए, सम्झन सक्नुहुन्छ ?

*१. परमेश्वरको आराधना गर्नु र उहाँको महिमा गर्नु )*
*२. सुसमाचार सुनाउनु र मानिसहरुलाई ख्रीष्टमा ल्याउनु ।*
*३. चेला बनाउनु*
*४. गरीव र असहायहरुलाई वास्ता गर्नु ।*

टिसीटी र मण्डलीको पहिलो मिसन एउटै छ, परमेश्वरलाई महिमा दिनु । अरु बाँकी दुई वटा लक्ष्यहरु पनि मण्डलीको मिसन सँग सम्वन्धित छ । हामी मण्डली बलियो भएको देख्न चाहन्छौं र मानिसहरु गरीवीबाट बाहिर आएको देख्न चाहन्छौं ।

**मण्डलीलाई बलियो तुल्याउनु**

---

जुन समुदायमा मण्डली यो कार्यक्रम लागु गर्न विश्वासयोग्य हुनुहुन्छ, हामीले प्रायः सबै मण्डलीहरु बृद्धि भएको देखेका छौं, विश्वासीहरुमा परमेश्वर माथिको विश्वास र भरोसा बढेको देखेका छौं, पास्टरहरु बाइबलको ज्ञानमा बढेको देखेका छौं, र मण्डलीमा दशांस र सेवाको काममा सहभागिता बढेर गएको देखेका छौं ।

- के तपाईं पनि आफ्नो मण्डलीमा यी कुराहरुमा परिवर्तन भएको देख्न चाहनुहुन्छ ?

***सहजकर्तालाई निर्देशन:*** *यी मध्ये एउटा कथा भन्न छान्नुहोस् ।*

**कथा – युगाण्डाको मुस्लिम समुदायमा भएको मण्डली**

त्यहाँ एक सानो मण्डली थियो —करीव १० जना जति विश्वासीहरु थिए । यो मण्डली एक ठूलो मुस्लिम वस्तीमा अवस्थित थियो । उनीहरु मण्डली त्यहाँ भएकोमा समस्याको रुपमा हेर्दथे । उनीहरु मण्डलीले हामीलाई धर्म परिवर्तन गराउँछन् भन्ने कुरामा सशंकित थिए । जब मण्डलीले टिसीटी लागु गर्न थाल्यो, विभिन्न प्रेमका कामहरु गर्न थाल्यो, जस्तो बाटोमा भएका फोहोरहरु सफा गर्ने, बाटोहरु मर्मत गर्ने आदि । जब मानिसहरुले आएर उहाँहरुलाई सोध्न थाल्यो, तपाईंहरु किन यी कार्यहरु गर्नुहुन्छ ? मण्डलीले जवाफ दियो, हामी खाली सुसमाचार सुनाउने, बिरामीलाई प्रार्थना गर्ने, भुतहरु धपाउने काम मात्र गर्दैनौ तर यी भौतिक कार्यहरु पनि गर्छौं । यी सबै कार्य गर्नुको कारण चाहिं

परमेश्वरको प्रेमको कारणले गर्दा हो । अनि मानिसहरुले भन्न थाले, ख्रीष्टीयनहरु त असल मानिस रहेछन् । तुरुन्तै मुस्लिमहरु आफ्नो विवाहको समस्या पर्दा वा आफुलाई ज्ञान चाहिंदा मण्डलीमा आउन थाले । उनीहरुले यो विचार गर्न थाले कि मण्डलीमा सिकाइने शिक्षाहरु त असल हुने रहेछ । त्यसपछि परमेश्वरले अचम्मको काम गर्नुभयो । हरेक आईतवार दुई वा तीन नयाँ मुस्लिम परिवारहरु मण्डलीमा आउन थाले र परमेश्वरलाई विश्वास गर्न थाले । अहिले मण्डली बढेर १० जनाबाट ३०० विश्वासीले भरिएको छ । पास्टर यो गवाही दिनुहुन्छ, हामीसँग भएको थोरै कुरा हामीले बाँड्चुँड गर्दा त्यसलाई व्यवहारमा ल्याउँदा परमेश्वरले गुणनात्मक वृद्धि गर्नुभयो ।

**कथा –कोटेडिभोमा प्रेमको कामको कारणले धेरै मानिसहरु मण्डलीमा आउन थाले**

अगस्ट २०१९ को महिनामा कोटेडिभोका मण्डलीले टिसीटी पढ्न थाले । मोड्युल १ मा जसै उहाँहरुले मण्डलीले समुदायलाई परमेश्वरको प्रेम देखाउनु पर्ने रहेछ, उनीहरुको भौतिकी आवश्यकता पनि पुरा गर्न कोशिस गर्नुपर्ने रहेछ भनी सिके, यी कुराहरु उनीहरुलाई नयाँ थियो । पास्टर भन्नुहुन्छ, पहिला हामी खाली समुदायमा गएर सुसमाचार सुनाउने काम मात्रै गर्थ्यौं । हामीले विश्वासयोग्य भएर सुसमाचार सुनाउँदा पनि हामीमाथि आरोप आइरहन्थ्यो ।

तर जीवनको सबै क्षेत्रमा परमेश्वरले वास्ता गर्नुहुन्छ भनी सिकिसकेपछि पास्टरले समुदायमा फरक प्रकारले नजर लगाउनुभयो । उहाँले यो महशुस गर्नुभयो कि समुदायमा एक वृद्ध व्यक्ति हुनुहुन्छ जसको घर चुहिएर बस्नै नहुने भएको छ । उहाँ बेला बेलामा चिसोको कारणले विरामी पनि परिहरनुहुन्थ्यो । उहाँको घर पानी पर्दा केहि दिनसम्म डुवान जस्तै अवस्थामा हुन्थ्यो । ख्रीष्टीयनहरुले पनि उहाँको यो अवस्था त देख्दै आएको थियो तर अहिलेसम्म उहाँको निम्ति केही गरेको थिएन ।

मण्डलीले यी वृद्ध व्यक्तिको घर बनाइदिने निर्णय गर्‍यो । त्यसपछि कोभिड शुरु भयो । कोभिडले गर्दा आइतवारको संगती पनि वन्द भयो । मण्डली साना साना झुण्ड बनाएर काम गर्न थाल्यो ।  उनीहरुले पैसा संकलन गर्‍यो, चाहिने इट्टा आफै बनायो, सिमेन्ट किन्यो र घर बनाउन शुरु गर्न थाल्यो । उनीहरुले पक्की घर नै निर्माण गरिदियो, विजुली जडान गरिदियो र भित्र प्लाष्टर गरी रङ्ग पनि लगाइदियो । मण्डलीका सबै सदस्यहरु यो कार्य गर्नको निमित्त जुट्यो । जवान, वृद्ध वृद्धा, महिला सबै जना उनको यो घर बनाउन लागिपर्‍यो ।
समुदायले यी सबै कुरा प्रत्यक्ष हेरिरहेको थियो । उनीहरु एक आपसमा भन्न लागे, यी वृद्ध व्यक्तिसँग उनीहरुको कुनै नाता छैन र पनि कसरी यस्तो काम उनको निम्ति गरिदिएको ? यो कसरी सम्भव भयो ? हामी अझ यो बारेमा धेरै जान्न चाहन्छौं भनी जिज्ञासा राख्न थाले । घर निर्माण गर्दे गर्दा ७ जनाले प्रभुलाई विश्वास गरे । जब मण्डलीले यो घर निर्माण गरि सिद्धयायो र स्थानीय जन प्रतिनिधिको रोहवरमा घर हस्तान्तरण गर्ने कार्यक्रम राख्यो, ६४ जना मानिसहरुले प्रभुलाई विश्वास गरे ।

**ठूला समूहमा छलफल**

- यो कथामा मण्डली कसरी बलियो भयो ?
- कुन खालको वृद्धि यो मण्डलीले अनुभव गरे ?
- तपाईंको मण्डलीले पनि यही खालको प्रेमको काम गरे भने तपाईंको विचारमा मानिसहरुबाट कस्तो प्रतिक्रिया आउँछ होला ?

## मानिसहरु गरीवीबाट बाहिर आएको

परमेश्वरले हामीलाई धनी हुने प्रतिज्ञा गर्नुभएको छैन  तर उहाँ हाम्रो दु:खको वास्ता गर्नुहुन्छ, हामीलाई दु:ख पर्दा कसरी जिउनुपर्छ भनी उहाँले हामीलाई सिकाउनुहुन्छ । आउनुहोस् हामी टिसीटीको कार्यक्रमबाट कसरी यो कुरा सम्भव भयो भनी कथा हेर्नेछौं ।

### कथा – युगाण्डाको मेवा खेती गर्ने मानिस

युगाण्डाको एक जना पास्टर बडो कठिन परिस्थितिमा गुज्रिरहेको थियो । उनको समुदायमा खाद्य सुरक्षा थिएन, धेरै मानिसहरु भोकमरीमा थिए, आफ्ना नानीहरुको स्कुलको फि तिर्न सक्दैनथे र मण्डलीको दशांसले पास्टरको घर, व्यवहारको आधारभूत कुरा पनि चल्न गाह्रो पर्दथ्यो । जब उहाँ टिसीटीको तालिममा सहभागी हुनुभयो, तालिम प्रशिक्षकले सहभागीहरुलाई परमेश्वरले तपाईंलाई के के श्रोत, साधनहरु दिनुभएको छ, हेर्नुहोस् भनी आग्रह गर्‍यो । पास्टर घर गयो र प्रार्थना गर्न शुरु गर्‍यो, परमेश्वर तपाईंले मलाई के के दिनुभएको छ, मलाई देख्न सहायता गर्नुहोस् भनी प्रार्थना गर्न शुरु गर्न थाल्यो । जसै उहाँले प्रार्थना गर्नुभयो, परमेश्वरले उहाँको दिमागमा वुवाले दिनुभएको २ हेक्टर जमीन छ र उहाँ त्यसको असल भण्डारे पनि हुनुपर्छ भनी देखाइदिनुभयो ।

यसको लगत्तै उहाँले वजारमा दुई लोरी मेवा एकजना व्यापारीले वेचिरहेको देख्नुभयो । यो देख्दा परमेश्वरले उहाँलाई सम्भना गराइदिनुभयो, एउटा मेवामा भित्र कति धेरै वीउहरु हुन्छन् । उहाँसँग २ वटा मेवा किन्ने पैसा थियो । उहाँले घरमा गएर ती विउहरुलाई उमार्नुभयो, र नर्सरीमा हुर्काउनुभयो । पछि आफ्नो खाली परिरहेको जमिनमा लगाउनुभयो । परमेश्वरले उहाँको मेहनत, परिश्रममा आशिष दिनुभयो र ३०० स्वस्थ मेवाका बोटहरु हुर्काउन सफल हुनुभयो । हरेक बोटमा करिव ५० मेवाहरु फलाउनुभयो । उहाँले ती मेवाहरु बेचेर आफ्ना नानीहरुको स्कूलको फि तिर्न सफल हुनुभयो, आफ्नो परिवारको आधारभूत आवश्यकता पुरा गर्नुभयो र खाँचोमा परेकाहरुलाई थोरै भएपनि दिन सक्ने हुनुभयो । समुदायका अरु मानिसहरुले पनि उहाँबाट पाठ सिके र उहाँको अनुकरण गर्न थाले । उनीहरुले पनि भेन्टा, गोलभेडा लगाउन थाले र नजिकको बजारमा लगेर बेची आम्दानी गर्न थाले । उनीहरुले नजिकै रहेको पास्टरको जमिनमा भएको पोखरीमा माछा पनि पालन गर्न थाले ।

### कथा – जिम्बाबेमा समुदाय रुपान्तरण भएको

जिम्वावेको सियावुवामा भएको मण्डली आफुसँग केही पनि छैन भन्ने कुरामा विश्वास गर्दथे । तर टिसीटी कार्यक्रममा सहभागी भए पश्चात् उनीहरुको विचारलाई परिवर्तन गरिदिनुभयो । प्रेमको काम सुनिसके पश्चात् मण्डलीले समुदायलाई प्रेमको प्रदर्शन गर्न धेरै खालका प्रेमका कामहरु गर्न थाले । पहिला, उनीहरुले सबै भन्दा गरीव र जोखिममा रहेका परिवारहरुलाई सहायता गर्न थाले । साना भुण्डका सदस्यहरु अगाडि आएर एक दुष्टि विहीन मानिसलाई सहायता गर्न थाले । तयसपछि उनीहरुको ध्यान समुदायमा भएको ठूलो समस्यामा गयो । मण्डलीका ४ जना सदस्यहरुले एक सामुदायिक कोषको निर्माण गरे र हामीसँग के के श्रोत, साधनहरु छन् भनी पत्ता गाउन थाले । उनीहरुले यो महशुस गरे कि नजिकै रहेको खोलामा पुरा माछा छ । कोही पनि मानिसहरु गएर माछा मार्ने काम गर्दैनथे किनभने यसको बजार नजिक थिएन । तर अहिले उनीहरु माछा मार्न थाले र आमाहरुले घर बाहिर गएर बेच्न थाले । त्यो माछा बेचेको पैसाको वचतले पाँच वटा गाईहरु महिला समूहले किने । मण्डलीले स्थानीय समुदायका गरीव घरका भुपडीहरु मर्मत गर्न थाले । यी सबै कुराहरु मण्डलीले कुनै पनि मानिसको अब भुपडी घर नहुने गरेर बनाउन परमेश्वरको सहायताले गर्न सके । अहिले उनीहरुले यो महशुस गरे कि परमेश्वरले हामीलाई धेरै थोक दिनुभएको छ । मण्डली अहिले यो भन्दा अझै धेरै के गर्न सकिन्छ भनी प्रार्थना गर्न शुरु गर्न थाले । उनीहरु अहिले एम्बुलेन्स गाडी किन्न समर्थ भए, बाँध बनाउन सके र गहिरो गहिरो इनार खन्न पनि सफल भए । यी सबै कुराहरु

उनीहरुले गर्न सके किनभने परमेश्वरले उहाँहरुलाई के दिनुभएको छ भनी देख्न आँखा खोलिदिनुभयो र उहाँको महिमाको लागि यी सबै श्रोत, साधनहरु परिचालन गर्ने ह्दय परमेश्वरले उहाँहरुलाई हालिदिनुभयो ।

**ठूला समूहमा छलफल**

- यो मानिस/समुदाय कसरी परिवर्तन भयो ?
- परिवर्तन के ले ल्यायो ?
- के तपाईंको विचारमा यही खालको कुरा परमेश्वरले तपाईंको समुदायमा गर्नुहुन्छ जस्तो लाग्छ ?

- टिसीटी कार्यक्रमको तीन वटा लक्ष्य कस्ले सम्झनुभएको छ ?
    - *परमेश्वरलाई महिमा दिने ।*
    - *मण्डलीलाई बलियो तुल्याउने ।*
    - *मानिसहरु गरीवीबाट बाहिर आउनेछ ।*
- यी लक्ष्यहरुले तपाईंलाई कसरी उत्साहित तुल्याउँछ ?
- के कुरामा तपाईंको ध्यान बढी जान्छ ?

यदि तपाईंलाई कुने कुरामा शंका वा चिन्ता छ भने त्यो टिकै छ । धेरै पास्टरहरु जसको जीवनबाट परमेश्वरले मण्डली र समुदायमा आश्चर्यकर्म गर्नुभएको छ, उहाँहरु सबै जनामा पनि शुरुमा शंका लागेकै हो । मुख्य कुरा चाहिं के हो भने तपाईं परमेश्वरमा आज्ञाकारी हुनुपर्छ ।

## स्थानीय सहजकर्ता (LF) को भुमिकाको सम्बन्धमा

साझेदार र स्थानीय सहजकर्ता दुबैले एक स्थानीय मण्डलीको चार वटा मिशन पुरा गर्न लागि पर्नुपर्छ । तपाईंले टिसीटी कार्यक्रम सफल भएको देख्न चाहनुहुन्छ भने यी चारवटै मिशन पुरा गर्नुपर्दछ :

१. **सिकाउनु** सबै मण्डलीका सदस्यहरुलाई मोड्युल सिकाउनु पर्दछ । अब अर्को पाठमा हामी तपाईंलाई मोड्युल १ पढाउनेछौं । त्यसपछि तपाईले यी सबै पाठहरु मण्डलीलाई पढाउनु पर्दछ ।

२. उनीहरुले सिकेका कुराहरु अनुसार मण्डलीलाई प्रेमको काम **गर्न** अगुवाई गर्नुपर्दछ । तपाईंले मोड्युल १ तालिममा प्रेमको कामको सम्बन्धमा सिक्नुहुन्छ । .

३. **प्रार्थना** !यो चाहिं तपाइंको एकदमै महत्वपूर्ण भाग हो किनभने तपाईंले चाहेको जस्तो परिवर्तन ल्याउन सक्ने परमेश्वर मात्रै हुनुहुन्छ ।

४. **कथाहरु बाँड्नुहोस् ।** .जब तपाईंको मण्डलीले मोड्युल तालिम सिक्न थाल्दछ, र सिके अनुसार प्रेमको काम गर्न थाल्दछ, त्यसपछि तपाईंले परमेश्वरले अचम्मको काम गर्नुभएको देख्नुहुन्छ । यी कथाहरु अरु गुरु प्रशिक्षकहरुलाई पनि बाँड्नु एकदमै आवश्यक हुन्छ ताकि उहाँहरुले अरु मण्डलीहरुलाई पनि उत्साहित तुल्याउनु भएको होस् ।

***सहजकर्तालाई निर्देशन:*** *तपाईंले कक्षाका सहभागीहरुलाई यो धेरै पटक भन्न अभ्यास गराउनुहोस् ताकि उनीहरुले यी महत्वपूर्ण भुमिकाहरु: सिकाउने, गर्ने, प्रार्थना गर्ने र बाँड्ने भन्ने कुरा राम्रो सँग सम्झन सक्नुभएको होस् ।*

## निष्कर्ष

***सहजकर्तालाई निर्देशन:*** *: समूहलाई प्रश्नहरु सोध्न समय दिनुहोस् । तपाईंले केही प्रश्नहरुलाई उत्तम प्रश्न भनी भन्न सक्नुहुन्छ । तपाइंले यी धेरै कुराहरु मोड्युल १ मा सिक्न सक्नुहुन्छ । '*

# पाठ ३: योजना बनाउने र प्रार्थना गर्ने

***सहजकर्तालाई निर्देशन:*** *यो पाठ चाहिं मोड्युल १* ***पछि*** *पढाउनुहोस् ।*

**मुख्य विचार:** यी ६ महिनामा स्थानीय सहजकर्ताहरु हरेकले मोड्युल १ आफ्ना मण्डलीलाई **सिकाउनुपर्छ**, मण्डलीलाई प्रेमको काम **गर्न** अगुवाई गर्नुपर्दछ, **प्रार्थना** गर्नुपर्दछ र यी कथाहरु अरुहरुलाई **बाँड्नुपर्दछ** ।

## परिचय

---

- मोड्युल १ को पाठहरुबाट तपाईलाई कुन चाहिं विचार मनमा गडेको छ ?
- तपाईंको मण्डलीलाई कुन चाहिं विचार नयाँ हो ? उनीहरुले अगाडि नै थाहा पाएको कुनै कुराहरु सम्भना गराउनु आवश्यक छ कि ?
- के तपाई आफ्नो मण्डलीलाई मोड्युल १ पढाउन ईच्छुक हुनुहुन्छ ? के तपाई आफ्नो समुदायलाई प्रेमको काम गर्न तयार हुनुहुन्छ ?

## चुनौतीहरुलाई सामना गर्नु

---

**साना समूहमा छलफल**

- मोड्युल १ पढाउन तपाईंलाई कुन कुराले गाह्रो महशुस भइरहेको छ ?
- तपाईंको मण्डलीलाई यी तालिम पढाउन कुन कुराले कठिन महशुस भइरहेको छ ?
- प्रेमको काम गर्न कुन कुराको चुनौती छ ?

***सबैलाई प्रतिवेदन दिनुहोस् ।***

**ठूला समूहमा छलफल**

निश्चित रुपमा चुनौतीहरु छन् । यदि हामी मण्डली बलियो भएको देख्न चाहन्छौं, परमेश्वरको महिमा भएको देख्न चाहन्छौं भने यो कुरामा निश्चित हुनुहोस् समस्या, वाधाहरु अवश्य आउनेछन् । त्यसकारणले तपाईं स्थानीय सहजकर्ता र पास्टर हुनु भएको हुनाले प्रार्थना गर्नु अति महत्वपूर्ण छ । प्रेरित पावलले हामीलाई निरन्तर प्रार्थना गरिरहो भनी भन्दछ । (१ थिस्सलोनिकी ५:१७)

- के तपाई एक्लै प्रार्थना गर्नुहुन्छ ? *(तपाईंको सबै मण्डलीले पनि प्रार्थना गर्नु आवश्यक छ ।)*
- तपाई आफ्नो मण्डलीलाई कुन कुन कुराहरुमा प्रार्थना गर्न अगुवाई गर्नु आवश्यक छ भनी ठान्नुहुन्छ ? *(सबै उत्तरहरु ठिक छ, यदि यी उत्तरहरु आएन भने सम्भना गराइदिनुहोस् ।)*
    - *हरेक पाठको अगाडि प्रार्थना गर्नुहोस् ।*
    - *प्रेमको कामको योजना बनाउनु भन्दा अगाडि के गर्नुपर्ने हो भनी प्रार्थना गर्नुहोस् ।*
    - *योजना बनाउँदा र प्रेमको काम गर्दा प्रार्थना गर्नुहोस् ।*
    - *प्रेमको काम गर्दे गर्दा प्रार्थना गर्नुहोस् ।*
    - *समस्याको सामना गर्दा र प्रेमको काम गर्दा प्रार्थना गर्नुहोस् ।*
    - *हरेक पाठ पढि सकेपछि र प्रेमको काम गरि सके पश्चात् धन्यवाद दिनुहोस् ।*

- के कुराको लागि तपाईं प्रार्थना गर्नुहुन्छ ? *(सबै उत्तरहरु ठिक छन् तर यी उत्तरहरु नआएमा सम्झना गराइदिनुहोस् । )*
    - *पाठहरुमा, परमेश्वरले स्पष्ट सँग सबै पाठहरु सिकाइदिनु भएको होस्, बुझ्न सकेको होस् र परिवर्तन गर्न सहायता गरिदिनु भएको होस भनी प्रार्थना गर्नुहोस् ।*
    - *प्रेमको काम गर्न नयाँ नयाँ विचारको लागि, वृद्धिको लागि, आनन्द साथ परमेश्वरले महिमाको निम्ति गर्न सक्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् ।*

**स्थानीय सहजकर्ताको भूमिका पुनरावुत्ति गर्नुहोस् ।**

---

प्रार्थना चाहिं अति महत्वपूर्ण हो । एउटा स्थानीय सहजकर्ताको रुपमा अरु तीन वटा भूमिकाहरु के के होला ?

- *सिकाउने, गर्ने र बाँड्ने ।*

***सहजकर्ताहरुलाई निर्देशनः :*** *समूहलाई धेरै पटक यसको अभ्यास गर्न भन्नुहोस्* ***। सिकाउने, गर्ने, प्रार्थना गर्ने र बाँड्ने*** */ .*

**आउँदो चरणको योजना बनाउने ।**

---

मोड्युल सिकाउने सम्बन्धमा केही कुराहरु चर्चा गरौं । स्थानीय सहजकर्ताहरुले आफ्नो मण्डलीलाई विभिन्न प्रकारले सिकाउन सक्दछन् । :

- ६ हप्ता सम्म साँझ साँझ पढाएर ।
- हप्ताको अन्त अन्तमा सेमिनार राखेर ।
- मण्डलीको आराधना सेवामा नै वचनको सेवकाइद्धारा ।

यी सबै तरिकाहरु ठिक छन् । तपाईंको विचारमा अरु केही तरिकाहरु पनि हुन सक्छन्, जुन मैले यहाँ उल्लेख नगरेको हुन सक्छु । जसरी गर्नुस्, तर धेरै भन्दा धेरै मण्डलीका विश्वासीहरु यसमा सहभागी भएको हुनुपर्छ । किनभने सबैलाई तालिमको खाँचो छ !

**साना झुण्डमा छलफल**

समूहमा भएका हरेक व्यक्तिले यी कुराहरु बाँड्नुहोस् :

- तपाईं आफ्नो मण्डलीलाई मोड्युल १ का पाठहरु कसरी सिकाउनुहुन्छ ? कुन चाहिं तरिका तपाईंको मण्डलीलाई बढी फलदायी हुन्छ ?
- कुन चाहिं मानिसलाई तपाईंको मण्डलीको तालिममा आउनको लागि सबै भन्दा गाह्रो हुन्छ ? किन ?
- मोड्युल १ को तालिम मण्डलीका सबै विश्वासीहरुलाई सिकाउन सक्ने उत्तम तरिका तपाईंलाई के होला जस्तो लाग्छ ?

***प्रतिवेदन दिनुहोस् ।***

***प्रश्नहरु–*** *तपाईंले अन्त गर्नु भन्दा पहिला कसै सँग कुने प्रश्नहरु छन् कि भनी सोध्नुहोस् ।*

## निष्कर्ष

हामी सबैले मोड्युल १ को पाठ पढाउने योजना बनाऔं । यो कुरा सम्झनुहोस्, सिकाउने कुरा चाहिं एउटा भाग मात्र हो । जब सम्म मण्डलीले कुनै कार्य गर्दैन, तबसम्म कुनै परिवर्तन आउने वाला छैन र परमेश्वर पनि महिमित हुनुहुन्न । मोड्युल १ पढाए पश्चात् मण्डलीलाई प्रेमको काम गर्न अगुवाई गर्नुहोस् ।

एक दोश्रोको लागि प्रार्थना गर्न नभुल्नुहोस् । अब ६ महिना पछि फेरि भेट्नेछौं र त्यतिबेला तपाईंको मण्डलीले गरेको प्रेमको कामको बारेमा सबैलाई बताउन तयारी हुनुहोस् र परमेश्वरले के गर्नुभयो, तपाईंले देखेको त्यसको साक्षी पनि दिनुहोस् ।

***सहजकर्तालाई निर्देशनः*** *सबै समूहलाई प्रार्थना गर्नुहोस्, सबै सहजकर्ताहरुको लागि प्रार्थना गर्नुहोस् र उहाँहरुको मण्डलीको लागि पनि प्रार्थना गरेर अन्त गर्नुहोस् । तपाईंले अन्तमा सबै मिलेर प्रशंसा, धन्यवादको गीत गाएर प्रभुलाई धन्यवाद दिएर पनि अन्त गर्न सक्नुहुन्छ ।*